स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय लोकदोहोरी क्षेत्रमा प्रकाश दूतराज पनि स्रोता दर्शकको प्रिय बनिरहेका छन् । उनले ल्याउने सिर्जनाहरूले पनि लोभलाग्दो माया पाउने गरेका छन् । म्याग्दीमा जन्मिएका प्रकाश दूतराज प्राय: ग्रामीण परिवेशमा रहेर सिर्जनाहरू ल्याउँदै आएका छन् । यतिबेला उनको गीत 'रिमै' निकै चलिरहेको छ । एकपछि अर्को गीतबाट विश्वास जितेकै कारण प्रकाश दूतराजका गीतलाई लिएर पनि स्रोता-दर्शकमा अपेक्षा धेरै हुने गरेको छ ।

**आजको विचार...**



भूपरिवेष्टित...

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



'लुट' र 'टलकजंग भर्सेस टुल्के'जस्ता प्रशंसित चलचित्रका निर्देशक निश्चल बस्नेतको चलचित्र 'दिमाग खराब' दोस्रो सातामा प्रदर्शन भइरहेको छ । २०७३ मा 'लुट- २' निर्देशन गरेयता निश्चल निर्देशकका रूपमा सक्रिय थिएनन् । झण्डै ७ वर्षपछि 'दिमाग खराब'मार्फत उनी निर्देशनमा फर्किएका कारण यो चलचित्रलाई बहु-प्रतिक्षित मानिएको थियो । चलचित्र अब मंगलबारसम्म निरन्तर प्रदर्शन हुने सहमति जुटिसकेको छ । त्यसपछि के हुन्छ ? सोही दिन निर्णय हुने जनाइएको छ ।

❑ वर्ष २९ ❑ अंक ११२ ❑ २०८० मंसिर ४ गते सोमबार 20 November 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेन-रानीमहल सडकको दुर्दशा, प्राविधिक रमिते

**शर्मिला थापा मगर**

**तानसेन,** मंसिर ३/लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको सडक पूर्वाधार विकास कार्यालय पाल्पाको बेवास्ताका कारण तानसेन-रानीमहल पर्यटकीय सडक बिजोग अवस्थामा रहेको छ । ऐतिहासिक पर्यटकीय क्षेत्र रानीमहल जाने सडक खाल्डाखुल्डी भएको महिनौं भइसक्दा पनि सडक पूर्वाधार विकास कार्यालयले मर्मतका लागि चासो नदेखाउँदा सडक बिजोग अवस्थामा रहेको हो ।

तानसेन हुँदै रानीमहलसम्म पुग्ने अधिकासं सडकमा खाल्डाखुल्डी हुनुको साथै ढलको व्यवस्था नहुँदा पानीले हिलाम्मे र चिप्लो बन्न पुगेको छ । बाह्य र आन्तरिक पर्यटक ओहोरदोहोर गर्ने सडकमा खाल्डाखुल्डी र चिप्लोका कारण नै अस्तव्यस्त हुँदा सडक पूर्वाधार कार्यालयले बनाउन चासो देखाएको छैन । कार्यालयका प्राविधिकहरु सडकको दुर्दशालाई देखे नदेखे जस्तै गर्ने गरेको स्थानीयको गुनासो छ । प्राविधिकहरुको बेवास्ताका कारण मोटरेबल सडक खाल्डै खाल्डा र भासिएको सडकका रुपमा परिणत हुँदै गएको छ । ठूला-ठूला खाल्डा परेको सडकमा सवारी साधन जोखिमपूर्ण



रूपले कुदिरहेका छन् । सडक पूर्वाधार विकास कार्यालयका कर्मचारीहरुले सडकको दुर्दशाप्रति चासो नदेखाउँदा तानसेनको कैलाशनगरदेखि रानीमहलसम्म पुग्ने १३ किलोमिटर सडकको मर्मत सम्हार हुन नसकेको तानसेन नगरपालिका -१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईले बताए । उनले रानीमहल क्षेत्र नगर भित्र पर्ने भएकाले पनि त्यहाँ पुग्ने पहुचमार्गको मर्मत सम्हारमा नगरपालिकाले समेत ध्यान दिनुपर्नेमा सो नभएको गुनासो गरे । वडा अध्यक्ष भट्टराईले भने 'सडक पूर्वाधार कार्यालयलाई र तानसेन नगर कार्यपालिकाको बैंठकमा पनि पटक-पटक सडकको दुर्दशाका बारेमा जानकारी गराउँदा समेत वास्ता नगर्दा रानीमहल घुम्न आउँने पर्यटकलाई समस्या परेको छ ।' हात्तीढुंगा तलको बैकुण्ठे भीरस्थित सडक अन्तर्गतका ठाउँ-ठाउँमा खाल्डा खुल्डी परे पछि दुर्घटनाहरु समेत बढेको स्थानीयको गुनासो छ । खाल्डाखुल्डीका कारण सवारी साधनहरु दुर्घटना समेत हुने गरेका छन् । केही दिन अघि बैकुण्ठे भीर नजिकै सडकमा कार दुर्घटना हुँदा ६ जनाको घटनास्थलमै मृत्यु भएको थियो । बाटोको अवस्था यति जोखिमपूर्ण र बिग्रिएको छ कि सवारी साधनमा यात्रा गर्दा असुरक्षित हुने त्रास छ । प्राविधिक दृष्टिले उच्चजोखिम मानिएका क्षेत्रमा समेत सडक निर्माण गर्ने होडबाजीले एकातिर सडकलाई कुरुप बनाएको छ भने जोखिम पनि उत्तिकै बढाएको छ । हात्तीढुँगामा होटल व्यवसाय गर्दै आएका श्रीधर गैरे भन्छन् 'हिउँद लागे पछि बन्ला भन्ने आशमा बसियो, तर सम्बन्धित निकायले वास्तै गर्दैन, हामी त हैरान भयौं ।' स्थानीयवासी र यही सडक हुँदै ओहोरदोहोर गर्ने यात्रुहरु सधैं दुर्घटना हुने डरैडरमा हिँडनुपर्ने बाध्यता छ । 'सडक बिग्रिएको महिनौं भइसक्यो, पर्यटक ओहोरदोहोर गर्ने सडक चालू आर्थिक वर्षमा बन्ला भन्ने थियो, नबन्ने पक्का भएको छ,' होटल व्यवसायी गैरेले भने । सडक पूर्वाधार कार्यालयका प्रमुखदेखि इन्जिनियर सम्मका कर्मचारीले सानो कामको लागि पनि ठेकेदारसँग कमिसन खोज्ने गरेका कारण पनि अधिकांस सडक निर्माणका काम समेत गुणस्तरहीन हुने गरेका छन् । आफुहरुले गरेका कामहरु गुणस्तरीय नै रहेको सडक पूर्वाधार विकास कार्यालय पाल्पाका प्रमुख बासुदेव भण्डारीले दावी गरे । उनले तानसेन-रानीमहल सडक मर्मतका लागि यो बर्ष बजेट परेको र ठेक्काको प्रक्रियाबाट छिट्टै काम अगाडि बढ्ने बताए । उनले भने 'चाडपर्वले गर्दा काम नभएको हो अब छिट्टै हुन्छ ।'

## संक्षिप्त समाचार

### भूकम्पबाट मृत्यु हुनेको संख्या ८ पुग्यो



**(रासस-सिन्ह्वा)**

**मनिला,** मंसिर ३/दक्षिणी फिलिपिन्समा शुक्रबार दिउँसो आएको ६.८ म्याग्निच्युडको भूकम्पमा परी मृत्यु हुनेको संख्या आठ पुगेको छ ।

राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन परिषदले जनाएअनुसार मृतकहरूको संख्या अझै पनि एकीन हुन बाँकी रहेको छ भने, प्रान्तीय अधिकारीहरूले त्यसबारे निरन्तर मूल्याङ्कन गरिरहेका छन् । भूकम्पबाट १ हजार ५ सयभन्दा बढी मानिस प्रभावित भएका छन् । विद्यालय भवन, सरकारी भवन, पुल, सडक, निजी प्रतिष्ठान लगायत करिब ५० घर र ७० भन्दा बढी अन्य भौतिक संरचनामा क्षति पुगेको छ । कतिपय क्षतिग्रस्त सडकमा यातायात शुरु गर्न नसकिएको प्राधिकरणले जनाएको छ । अपतटीय भूकम्पको झड्काले अपरान्ह ४:१४ बजे ७२ किलोमिटरको गहिराईमा डाभाओ ओक्सीडेन्टलको सारंगानी शहरबाट ३४ किलोमिटर उत्तरपश्चिममा ठूलो कम्पन ल्याएको थियो ।

## आज लुम्बिनीका ४ जिल्लामा सार्वजनिक बिदा




**पाल्पा,** मंसिर ३/लुम्बिनी प्रदेशका चार जिल्लामा आज सार्वजनिक बिदा दिइएको छ । सरकारले छठ पर्वको समापनको अवसरमा ती जिल्लामा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो।

नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाँके जिल्लामा सार्वजनिक विदा दिने निर्णय गरिएको गृह मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठपर्व तराईका नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाँके महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सा लगायतका जिल्लाहरुमा धुमधामका साथ मनाउने गरिन्छ । छठपर्वका अवसरमा सहरी एवम् ग्रामीण क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा प्रसिद्ध नदी तथा नहरको किनारमा अर्घ्य चढाउने गरिन्छ । छठपर्व सत्य तथा अहिंसाप्रति मानवको रुचि बढाउन र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वका रुपमा मनाउने गरिन्छ ।

## पाल्पामा एमालेको जनप्रतिनिधिसँग अन्तर्क्रिया

# जनताको भावना र आवश्यकता अनुसार काम गर्न जोड

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर ३/नेकपा एमाले पाल्पाले पार्टीबाट उम्मेदरवार भई निर्वाचित भएका जनप्रतिनिधीहरुसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ । उसले स्थानीय तह, प्रदेश तथा प्रतिनिधीसभामा निर्वाचित जनप्रतिनिधीहरुसँग एक दिने अन्तर्क्रिया कार्यक्रम गरेको हो ।

कार्यक्रममा नेकपा एमालेका पोलिटिव्यूरो सदस्य एवं प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले निर्वाचित जनप्रतिनिधीहरुलाई वर्तमान संविधान, ऐन नियम तथा कानुनलाई सर्वोपरी मानी, पार्टीको केन्द्रीय घोषणापत्र र पार्टी तथा उम्मेदवारले जनतामाझ सार्वजनिक गरेका प्रतिवद्धतापत्र अनुसार काम गरेर एमाले पार्टीको नाम उचो राख्न सम्पूर्ण जनप्रतिनिधीहरुलाई अनुरोध गरे । जनताको भावना, विचार, आवश्यकता अनुसार एमालेबाट



निर्वाचित जनप्रतिनिधीहरुले काम गरेर जनतामैत्री बन्न पोलिटिव्यूरो सदस्य गैरेले जोड दिए ।

संघीयता सफल बनाउने वा असफल बनाउने जिम्मेवारी स्थानीय सरकारमा भएकाले एमालेबाट निर्वाचित जनप्रनिधीहरुले आ-आफ्नो पदीय दायित्व तथा जिम्मेवारी अनुसार जनतामा परिवर्तन महशुस गर्ने गरी काम गर्न, तथा पार्टीसँग समन्वय गरी जनमुखी काम गर्न पोलिटिव्यूरो सदस्य गैरेले स्थानीय जनप्रतिनिधिहरुलाई आग्रह गरे । कार्यक्रममा एमाले लुम्बिनी प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कडेंलले अहिले पार्टी भित्र जुनसुकै पद लिन मरिहत्ते गर्ने तर काम नगर्ने परिपाटी बसेकाले त्यसको अत्यन्त गर्नुपर्ने बताए । उनले भने 'पद लिन मरिहत्ते गर्ने, तर काम पर्दा समयमा भ्याउदिन भन्ने, व्यस्त छु भन्ने, बैठकहरुमा उपस्थित नहुने, पार्टीको नीति, नियम सिद्धान्त विपरित काम, आचारण तथा व्यवहार गर्ने, पार्टीको अनुसासनमा नबस्ने जस्ता विकृति पाटीभित्र बढेको छ, अब त्यसको अन्त्य गर्नुपर्छ ।' पछिल्लो समय पार्टीबाट टिकट पाई जनप्रनिधी बनाएका व्यक्तिहरुले आफुभन्दा ठूलो व्यक्ति कोहि छैन भन्ने व्यहार बढेकाले आगामी दिनमा कामको आधारमा जिम्मेवारी दिईने परिपाटी लुम्बिनी प्रदेशका सबै जिल्लामा शुरु भएको प्रदेश कमिटी अध्यक्ष कडेंलले बताए । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## शौचालय दिवस र यसको सार्थकता

विश्व शौचालय दिवस नेपालसहित विश्वभर विभिन्न सचेतनामुलक कार्यक्रम गरी आइतबार मनाइएको छ । यस वर्ष 'परिवर्तनको गति बढाउँदै' भन्ने नारा तय गरी दिवस मनाइएको हो । सन् २०१३ देखि यो दिवस मनाउन थालिएको हो । बढ्दो शहरीकरण र सार्वजनिक खुला स्थानको अभावले शहरी क्षेत्र वा बाक्लो मानवबस्ती भएका स्थानमा शौचालयको निर्माण र प्रयोग गर्ने चुनौति बढेर गएको छ । मानव समुदायलाई मानवजन्य दिसापिसावबाट उत्पन्न हुनसक्ने जीवाणुले ल्याउने रोगब्याधीबाट बचाउन शौचालय निर्माण गर्ने र प्रयोग गर्ने बानी विकसित गराउन संयुक्त राष्ट्र संघले हरेक वर्ष १९ नोभेम्बरमा विश्व शौचालय दिवसका रूपमा मनाउने गरेको हो ।

राष्ट्र संघका अनुसार विश्वका साढे ३ अर्ब मानिस अझै पनि शौचालयको सुविधाबाट बञ्चित छन् । त्यसमध्ये ४१ करोड ९० लाख मानिस त अझै पनि खुला स्थानमा दिसापिसाव गर्छन् । खुला दिसापिसावका कारण फैलने रोगले दैनिक १ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । नेपालले १९ असोज २०७६ मा खुला दिसामुक्त र पूर्ण सरसफाईमा अग्रसर राष्ट्रको रुपमा आफुलाई घोषणा गरे पनि त्यसले मूर्तरुप लिन सकेको छैन । नेपालमा अझै पनि ४.५ प्रतिशत अर्थात् ३ लाख १ हजार ४ सय ९० मानिस शौचालयको पहुँच बाहिर रहेको विश्व स्वास्थ्य संगठनको तथ्यांकले देखाएको छ । हचुवाको भरमा खुला दिशामुक्त घोषणा गर्दा अहिले पनि आमनागरिकले समस्या झेल्नु परेको छ । नेपालका धेरै जिल्ला खुला दिसामुक्त घोषणा भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन । पाल्पालाई पनि २४ चैत्र २०७४ मा खुला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो । खुला दिसामुक्त घोषणा गरिएको ६ वर्ष पुग्न लाग्दा पनि यहाँका शहर र राजमार्गमा भने पर्याप्त शौचालय छैनन् । पर्याप्त सार्वजनिक शौचालय नहुँदा यात्रुले चर्को समस्या झेल्नुपरेको छ । भएका शौचालयहरू पनि प्रयोगलायक छैनन् । सरकारले सार्वजनिक शौचालयको महत्व नदिएको होइन, तर, कार्यान्वयन पक्ष फितलो हुँदा समस्या उत्पन्न भएको हो । लाखौं नागरिक संविधानले ग्यारेन्टी गरेको स्वास्थ्य सम्बन्धी न्यूनतम सुविधा शौचालय प्रयोगबाट समेत बञ्चित हुनु दुःखद् हो । सफा शौचालयको सहि प्रयोग सभ्य समाजको अभिन्न अंग पनि हो । यसर्थ खुला दिशामुक्ता भएका जिल्लाहरुलाई सफल कार्यान्वयनको दिशामा अगाडि बढाउन सके मात्र हरेक वर्ष मनाईने विश्व शौचालय दिवसले सार्थकता पाउन सक्छ । यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

कसैले केही भन्दैमा केही फरक पर्दैन
किनकि त तिनीहरुको संघर्षले जिउने होइन त आफ्नो संघर्षले जिउने होस् !
*(विपिन घिमिरेको फेसबुक स्टाटस www.facebook.com/Bipin.Ghimire)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भूपरिवेष्टित र नेपालको अर्थतन्त्र



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

> हाम्रो जस्तै परिवेश भएको देश सुजरल्याण्डले उल्लेख्य आर्थिक प्रगति गरेको समाचार हामी सामु रहेको छ । यस्तै उदाहरणहरु खोज्दै जाने हो भने प्रसस्त मात्रामा भेटिन्छन् । त्यसैले जनताको दैनिकी कष्टकर हुनुको दोष, आर्थिक तथा विकासको अवस्था दयनिय हुनुको दोष भुगोललाई दिएर उम्कने छुट हाम्रा नेतृत्वलाई छैन् । यो देशलाई विश्वकै उत्कृष्ट देश बनाउने स्रोत र साधन प्रकृतिले हामीलाई दिएको छ । मात्रै हुनुपर्दछ जनतामा लगनशिलता र नेतृत्वमा इच्छा शक्ति । नेपालले पनि भूपरिवेष्टिताले निम्त्याएको समस्यालाई समाधान गर्दै वैकल्पिक आर्थिक वृद्धिका पक्षहरुको पहिचान र खोजि गरि अन्तर्राष्ट्रमा भिन्न उपस्थिति जनाउनुपर्ने देखिन्छ ।

भन्ने गरिन्छ कुनै पनि देशको अर्थतन्त्र र जनताको दैनिकीलाई त्यस देशमा भएका स्रोत साधन तथा देशको भौगोलिक अवस्थितिले प्रभाव पार्ने गर्दछ । हुन पनि विश्वका आज भोली भनिने विकसित देश अविकसित देशहरुको तुलना गर्दा यो कुरालाई प्रमाणित गर्ने आधार भने भेटिने गर्दछ । नेपालको अर्थतन्त्र तथा जनताको दैनिकी सुधारको बाधकको रुपमा के अस्थिर राजनीति र सरकार परिवर्तन दर मात्रै हो त ? पक्कै होइन, भौगोलिक अवस्थिती वा भुपरिवेष्तितालाई किन नलिने ? कतै नेपालको विकासको बाधकको रुपमा भुपरिवेष्टित त होइन ? यहि कारण जनताको दैनिकी तथा अर्थतन्त्रमा सोचे अनुकुल सुधार गर्न नसकिएको त होइन ? भुपरिवेष्टित र नेपालको अर्थतन्त्र सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

चारै तर्फ विभिन्न देशहरुको जमिनले घेरिएको कुनै पनि देशले अर्को देशसँग सम्बन्ध राख्दा दोस्रो मुलुकको स्थलमार्ग प्रयोग गरेर समुन्द्रसम्म पुग्नु पर्ने देशलाई भुपरिवेष्टित देशको रुपमा लिन सकिन्छ । विश्वमा यस्ता देशहरुको संख्या ४८ वटा रहेका छन् भने एसिया महादेशमा १२ रहेका छन् भने दक्षिण एसियामा नेपाल, भुटान र अफ्गानिस्थान गरि ३ वटा रहेका छन् । दक्षिणएसियाली देशहरुमा पनि नेपाल भन्दा तुलनात्मक रुपमा सानो भौगोलिक अवस्थिती रहेका देशहरु हाल श्रीलंकाको अर्थतन्त्र केहि समस्या ग्रस्थ रहेता पनि अन्य देशहरु माल्दिभस तथा बगलादेशको अर्थतन्त्रका सुचकहरुको अवस्था राम्रो रहेको देखिन्छ । यसको एउटा कारण सामुद्रिक सिमानालाई लिन सकिन्छ ।

**भूपरिवेष्टित र अर्थतन्त्रबिचको सम्बन्ध :**

कुनै पनि देशको स्रोत साधनको परिचालन, औद्योगिकरण, अन्तर्राष्ट्रिय व्यापार तथा वैदेशिक लगानी भित्र्याउने पक्षमा भौगोलिक अवस्थिती र देशको अर्थतन्त्र बीच प्रत्यक्ष सम्न्ध रहने गर्दछ । यी उल्लेखीत पक्षमा समुन्द्रीमार्ग रहेका देशहरुको अवस्था ज्यादै राम्रो रहेको र त्यस्ता देशहरुको व्यापारीक प्रतिस्पर्धात्मक क्षमता पनि राम्रो रहेको देखिन्छ । यति मात्रै कहाँ हो र ? रोजगारी, अर्थतन्त्र, प्रतिव्यक्ती आय तथा जनताको जीवनस्तर पनि राम्रो रहेको देखिन्छ । तर भुपरिवेष्टित देशहरुको अवस्था भने उल्लेखीत पक्षहरुमा सन्तोषजनक अवस्थामा भने देखिदैन । भुपरिवेष्टित र देशको अर्थतन्त्र बीच त्यति राम्रो सम्बन्ध भने देखिदैन । भुपरिवेष्टित देशहरु र समुन्द्रिक देशहरु बीचको अवस्था तुलनात्मक रुपमा फरक रहेकाले यस पक्षलाई देखाउने गर्दछ । सीमाका देशहरु बीच आपसी सम्बन्धमा खटपट उत्पन्न हुँदा यसको प्रत्यक्ष प्रभाव व्यापारीक पारवहनमा परेको देखिन्छ । आयात तथा निर्यात बीच समस्या उत्पन्न हुने गर्दछ । यसले नकरात्मक प्रभाव पार्दछ कुनै पनि देशको अर्थतन्त्रलाई । यस्तो समस्या नेपालले समय समयमा विभिन्न नाम र वहानामा झेल्दै आइरहेको देखिन्छ । भुपरिवेष्टितले नेपालको आर्थिक वृद्धिर आर्थिक समृद्धि प्राप्तिमा भने केहि कठिनाई र केहि ढिलाई भने उत्पन्न गराएको देखिन्छ ।

**भूपरिवेष्टित देशका समस्याहरु :**

भूपरिवेष्टित विश्वका देशहरुका समस्याहरु साझा रहेको देखिन्छ । लगभग यस्ता सबै देशहरुले उस्तै खालका समस्याहरु झेल्दै आएको देखिन्छ । यस्ता समस्याहरुले अर्थतन्त्रलाई मात्रै नभएर देशका जनताको दैनिकीमा पनि प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । केहि साझा समस्याहरुमा :

- स्वतन्त्र पारवहनमा समस्या ।
- उत्पादन लागत तथा मूल्यमा वृद्धि ।
- औद्योगिकरण र वैदेशिक लगानीमा कमी ।
- समुन्द्रीक मार्गको सहज प्रयोगमा कठिनाई ।
- आयात तथा निर्यातमा समस्या ।
- वैदेशिक व्यापार र बजार साघुरिएको छ ।
- वैदेशिक मुद्रा प्राप्तिको स्रोतमा कमी ।
- सधैँ अन्तर्राष्ट्रिय व्यापारमा भारत र चीनको भर पर्नु पर्ने अवस्था ।
- सीमा सुरक्षा र सीमामा सधै समस्या उत्पन्न भैरहनु ।
- सामुन्द्रिक स्रोतको उपयोगमा बञ्चित ।
- ढुवानी लागत अत्याधिक खर्चिलो ।
- विकास निमार्णका कार्य बढी खर्चिलो बन्ने ।
- नाका बन्दी जस्तो समस्या झेल्नु पर्ने ।

**भूपरिवेष्टित देशका समस्या समाधानका उपायहरु :**

नेपाल लगायतका भूपरिवेष्टित देशहरुले आफ्नो देशको भौगोलिक अवस्थितिलाई अभिसाफको रुपमा नलिई उत्पन्न समस्या समाधानमा लागि सामुहिक रुपमा अगाडि बढ्नु जरुरी रहेको छ । समुन्द्रीक मार्ग विहीन देशहरुको उत्पन्न समस्यालाई समाधान गर्न समय समयमा अन्तर्राष्ट्रिय संघ संस्थाले आयोजना गर्ने भेला सम्मेलनमा बहस,आवाज नउठेका पनि होइन्न तथा नीति नियमहरु नबनेका पनि होइन्न तर सम्बन्धित देशहरुले यसको उपयोगमा दरीलो कदम चाल्न नसक्दा यस्ता देशहरुमा सहज र स्वतन्त्र पारवहनमा सधै असहज स्थिति उत्पन्न भै रहने देखिन्छ । भुपरिवेष्टित देशहरुमा उत्पन्न समस्या समाधान त्यसता देशको अर्थतन्त्र सुधारमा केन्द्रीत हुनुपर्ने देखिन्छ ।

**भुपरिवेष्टिताले उत्पन्न भएका विभिन्न समस्या समाधानका केहि उपायहरुमा :**

- भूपरिवेष्टित देशले प्राप्त गरेका अधिकारको प्रयोगमा जोड दिने ।
- अन्तर्राष्ट्रिय नीति नियमको पालनमा जोड दिने ।
- सामूहिक आवाज र संगठित हुने ।
- WTO, SARRC तथा UNO को सदस्य राष्ट्रले प्राप्त गर्ने अधिकारको प्रयोगमा जोड दिने ।
- व्यापारमा विशिष्टता र विविधिकरणको थालनी गर्ने ।
- छिमेकी देशहरु बिचको सम्बन्धमा सुधार ल्याउने ।
- सीमा समस्यालाई कुटनैतीक तरिकाले समाधान गर्ने ।
- पेट्रोलियम पदार्थको आयातमापूर्ण पाईपलाईनको व्यवस्था गर्ने ।
- नेपाल र भारत बीचको, नेपाल र चीन बीचको पारवहन सन्धिलाई व्यवस्थित गर्दै लैजानु पर्ने ।
- भुपरिवेष्टित देशले पाउनु पर्ने सुविधा प्राप्तिमा जोड दिने ।

**भूपरिवेष्टित देशको पारवहन सुविधाका लागि भएका प्रयास :**

विश्वका भूपरिवेष्टित देशहरु मध्ये युरोपका देशहरुको अवस्था राम्रो रहेता पनि बाँकी महादेशका भूपरिवेष्टित देशहरुको अवस्था र झेल्नु पर्ने समस्या साझा रहेको देखिन्छ । यस्ता देशहरुको पारवहन तथा व्यापारीक अवस्थालाई सुधार गर्न विगतमा प्रयास नभएका पनि होइन् । जसमा : व्यापार तथा पारवहन सम्बन्धि बार्सिलोना महासन्धी १९२१, खुला समुन्द्र सम्बन्धि जेनेभामहासन्धि १९५८, भूपरिवेष्टित देशहरुको पारवहन व्यापार महासन्धी १९६५, सामुन्द्रिक कानुन सम्बन्धी महासन्धि १९८२, महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता १९४८ लगायत समय समयमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न नीति पारीत भएका पनि हुन्छन् तर नेपाल लगायत यस्ता देशले अन्तर्राष्ट्रिय व्यापार तथा पारवहनमा समस्याहरु भने झेल्दै आईरहेको पाईन्छ । यस्ता सम्झौता तथा नीतिलाई पालना गराउने मुख्य दायित्व भने भूपरिवेष्टित देशहरुमै जाने गर्दछ ।

हाम्रो जस्तै परिवेश भएको देश सुजरल्याण्डले उल्लेख्य आर्थिक प्रगति गरेको समाचार हामी सामु रहेको छ । यस्तै उदाहरणहरु खोज्दै जाने हो भने प्रसस्त मात्रामा भेटिन्छन् । त्यसैले जनताको दैनिकी कष्टकर हुनुको दोष, आर्थिक तथा विकासको अवस्था दयनिय हुनुको दोष भुगोललाई दिएर उम्कने छुट हाम्रा नेतृत्वलाई छैन् । यो देशलाई विश्वकै उत्कृष्ट देश बनाउने स्रोत र साधन प्रकृतिले हामीलाई दिएको छ । मात्रै हुनुपर्दछ जनतामा लगनशिलता र नेतृत्वमा इच्छा शक्ति । नेपालले पनि भूपरिवेष्टिताले निम्त्याएको समस्यालाई समाधान गर्दै वैकल्पिक आर्थिक वृद्धिका पक्षहरुको पहिचान र खोजि गरि अन्तर्राष्ट्रमा भिन्न उपस्थिति जनाउनुपर्ने देखिन्छ । यसका लागि एउटै उपाय हो हाम्रा अथाहा प्राकृतिक स्रोत साधनको उत्खन्न, प्रयोग र निर्यात । भूपरिवेष्टित र यसले उत्पन्न समस्यासँग लडनका लागि उपयुक्त र माटो सुहाउँदो योजना र नीति बनाई अर्थतन्त्रलाई सुधार गरी जनताको दैनिकी सहज बनाई उनीहरुको मुहारमा हाँसो थप्ने काममा सम्वद्ध राज्यका निकायहरु आजैबाट लाग्न जरुरी देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नसोचेको ठाउँ बाट धन हात पर्नेछ। शुभारम्भको चर्चा पनि चल्नेछ । | **तुला** : मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| **वृष** : सन्तानको मायामा कमी आउने छ। यात्रामा सावधानी अपनाउनु पर्नेछ। | **वृश्चिक** : कसैसंग मनमुटाव बढ्ला र सामान हराउने सम्भावना छ । |
| **मिथुन** : लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । | **धनु** : चिताएको कामले तीव्रता लिनेछ । नोकरीबाट मानसम्मान मिल्नेछ । |
| **कर्कट** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख मिल्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ । |
| **सिंह** : धार्मिक कार्यमा सरिक हुने सम्भावना छ । जटिल काम सम्पादन हुनसक्छ । | **कुम्भ** : जग्गाको कारोबारबाट राम्रो फाइदा हुनेछ। कार्यमा सफलता मिल्नेछ। |
| **कन्या** : पारिवारिक सुख मिल्नेछ । अध्यापनको क्षेत्रमा प्रगति पाउनु हुनेछ । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । |

## शिक्षा

# शैक्षिक सुधार अभियानमा आँबुखैरेनी




तनहुँको आँबुखैरेनी गाउँपालिकाले शैक्षिक सुधार अभियानलाई अगाडि बढाएको छ । गाउँपालिकाले सुरु गरेको सामुदायिक विद्यालयको शैक्षिक सुधार अभियानमा यहाँका संघसंस्थाले हातेमालो गरेका छन् । गाउँपालिकाभित्र सञ्चालित विभिन्न सहकारी, टोल सुधार समिति, सैसंस्थाले पालिकाको उक्त अभियानमा हातेमालो गर्दै सहयोग गरेका हुन् । उक्त अभियानका लागि हालसम्म रु १३ लाख ६९ हजार चार सय आठ संकलन भएको छ । हालसम्म २४ वटा सैसंस्थाले अभियानका लागि सहयोग गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।

यो अभियानमा नमूना बचत तथा ऋण सहकारी संस्थाले रु एक लाख ११ हजार एक सय ११, सत्रसय बचत तथा ऋण सहकारी संस्थाले रु ५५ हजार, मित्रता बचत तथा ऋण सहकारी संस्थाले रु ६० हजार पाँच सय पाँच, अकला सहकारीले रु ३० हजार, गरिमा सहकारीले रु ५५ हजार पाँच सय ५५, माइ छिम्केश्वरी सहकारीले रु ५५ हजार पाँच सय ५५, एकता बचत सहकारीले रु एक लाख एक सय ६७ सहयोग गरेको गाउँपालिकाले जनाएको छ । मनकामना सहकारीले रु एक लाख ६० हजार, सूर्योदय सहकारीले रु पाँच हजार, सगुन बचत तथा ऋण सहकारीले रु एक लाख एक हजार, समाज सेवा बचत तथा ऋण सहकारी संस्थाले रु ५५ हजार, भगवती बचत तथा ऋण सहकारीले रु एक लाख ५० हजार, रामयुग बचत तथा ऋण सहकारी संस्थाले रु ३३ हजार तीन सय ३३, मिलीजुली कृषि सहकारीले रु १८ हजार, गाउँबेंसी कृषि केन्द्रले रु १० हजार, आँबुखैरेनी क्रिष्टियन समाजले रु ६२ हजार पाँच सय १५, उन्नति बचत तथा ऋण सहकारीले रु ३५ हजार, सफल बचत तथा ऋण सहकारीले रु १५ हजार पाँच सय ५५, अनुज ब्यूटीपार्लरले रु २५ हजार पाँच सय ५५, बरादी दुग्ध उत्पादक सहकारी संस्थाले रु २५ हजार सहयोग गरेको छ । अध्यक्ष चुमानले भने, "हामी गाउँपालिकाका सबै वडामा रहेका सामुदायिक विद्यालय सुधार्ने योजनासहित अगाडि बढेका छौँ । त्यसका लागि हातेमालो गरेर यहाँका संघसंस्थाले सामाजिक उत्तरदायित्व वहन गरेका छन् ।" गाउँपालिकाले सामुदायिक विद्यालयको गुणस्तर सुधार योजनाको सुरुआत गरेको छ । गाउँपालिकाले रुप फेर्ने, सिकाइ गुणस्तर, अनुगमन र प्रोत्साहन गरी चार वटा विषयलाई प्राथमिकता दिएको अध्यक्ष चुमानले जानकारी दिए । चुमानले भने, "हामी निर्वाचित भएर आएदेखि नै शिक्षाको गुणस्तर वृद्धिका लागि के गर्न सक्छौं भनेर कार्ययोजना बनाएर लागेका छौँ । शिक्षाको गुणस्तर सुधारका लागि यसलाई मुख्य प्राथमिकता दिएका छौँ ।" रुप फेर्ने योजनाअन्तर्गत बाल विकासदेखि कक्षा ५ सम्मका सबै छात्र छात्रालाई नि:शुल्क ट्र्याकसुट, झोला, जुत्तामोजा तथा टिसर्ट वितरण गरिएको छ । गाउँपालिकाले आँबुखैरेनी गाउँपालिका-४ भाँगेस्थित छिम्केश्वरी मावि र मर्स्याङ्दी आधारभूत विद्यालयमा पुराना डेस्क बेन्च हटाएर नयाँ व्यवस्था गरेको छ । शैक्षिक सुधार अभियानअन्तर्गत विद्यालय भवनमा गर्नुपर्ने सम्पूर्ण मर्मत, छाना, फ्लोरिङ, रङरोगन, डेस्क बेन्च फेर्ने, नर्सरीदेखि कक्षा २ सम्म स्मार्टटिभी राखी सिकाइ सहज गर्ने र केही विद्यालयमा बस प्रदान गर्ने योजना छ । उनले भने, "कतिपय विद्यालयका विद्यार्थी विद्यालयसम्म पुग्न घण्टौं हिँड्नुपर्ने बाध्यता छ, त्यस्ता विद्यालयलाई बस उपलब्ध गराउँछौँ । त्यसले गर्दा विद्यालय आउजाउका लागि हिँड्नुपर्ने समय विद्यार्थीले अध्ययनमा लगाउन सक्छन् ।" सिकाइ गुणस्तर योजना अन्तर्गत कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीको वार्षिक मूल्याङ्कन शिक्षण प्रतिवेदनअनुसार समस्याको पहिचान गरी समाधानतर्फ पहल गरिन उनले बताए । विषयगत पर्याप्त दरबन्दी पठाउन गाउँपालिकाबाट नै आफ्नै श्रोतमा शिक्षक परिचालन गर्ने योजना रहेको चुमानको भनाइ छ । प्रोत्साहन योजना अन्तर्गत जनप्रतिनिधिको छोराछोरी अनिवार्य सरकारी विद्यालयमा पढाउने निर्णय कार्यान्वयनमा आएको छ । "सामुदायिक विद्यालयमा अपनत्व बढाउन यो निर्णय कार्यपालिका बैठकबाट भएबमोजिम कार्यान्वयनमा आएको छ," उनले भने- "जनप्रतिनिधिका छोराछोरी निजी विद्यालयमा पढाउने अनि सामुदायिक विद्यालय गुणस्तरको कुरा गर्न सुहाउँदैन ।" आँबुखैरेनी गाउँपालिकाका ६ वटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब चार सय पाँच सय विद्यार्थी अध्ययनरत छन् । गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीति ल्याउन लागेको चुमानले बताए । त्यस्तै सामुदायिक विद्यालयमा छोराछोरी पढाउने वडा नम्बर ४, ५ र ६ का परिवारका लागि पालिकाले नि:शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने उनले बताए । गाउँपालिकाले आमा समूह भवनका लागि बजेट विनियोजन गर्नुभन्दा उक्त बजेट विद्यालयको सुधारमा खर्च गर्ने निर्णय गरेको छ । सरकारी विद्यालयको गुणस्तर सुधारका लागि भौतिक एवं शैक्षिक क्षेत्रमा जोड दिइएको चुमानले बताए । "कार्यालयको सवारी पुरानो भइसकेको छ, कतै जाँदा दु:ख दिन थालेको छ । तर हामीले नयाँ गाडी किन्ने निर्णय गरेनौं," उनले भने, "बरु उक्त रकम विद्यालयमा लगानी गर्ने निर्णय गरेका छौँ । सरकारी विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन बस वितरणको तयारी गरेका छौँ ।" आँबुखैरेनी गाउँपालिका-५ वडा कार्यालयले आफ्नो भवन इन्द्रदेवी आधारभूत विद्यालयलाई हस्तान्तरण गरिसकेको छ । वडा कार्यालय बरु अन्य ठाउँमा सञ्चालन गरेर सुविधा सम्पन्न भवन विद्यालयलाई हस्तान्तरण गरिएको छ । ***-रासस***

# उज्यालो भविष्य खोज्दै भुजीका बालबालिका

रामेछापको उमाकुण्ड गाउँपालिका-७ भुजीस्थित ठिङ्केपु आधारभूत विद्यालयमा कक्षा ४ मा पढ्ने रिया सुनुवार माथि हेर्दै डराइडराइ पहिरो पार गरेर विद्यालय पुग्छिन् । उनलाई विद्यालयमा पढ्न आउँदा र फर्किंदा माथिबाट पहिरोसहित ढुङ्गा खस्छ कि भन्ने डर छ । ज्यान जोखिममा राखेर उनीजस्ता बालबालिका उज्यालो भविश्य खोजिरहेका छन् । पहिरोका कारण स्थानीय ठिङ्केपु विद्यालयमा पढ्न आउने रियासँगै खिनमाया, आईश्वरी, अर्निताजस्ता धेरै बालबालिका जोखिम पार गरेर पढ्न आउन बाध्य छन् । भविष्यलाई उज्यालो बनाउन उनीहरु जस्ता धेरै बालबालिकाले सैंर्ष गरिरहेका छन् ।

पहिरोकै कारण विद्यालयमा आउने विद्यार्थी कम भइसकेका विद्यालयका प्रधानाध्यापक राजन सुवेदीले बताए । "यो पहिरो जानुअघि तीन सय ५० भन्दाबढी विद्यार्थी थिए । अहिले घटेर ७५ पुगेका छन् । हिँउद र वर्षा दुवै समयमा आउने पहिरोका कारण विद्यालय सञ्चालन गर्न कठिनाइ भइरहेको छ । हिजोआज पनि विद्यार्थीहरू डराइडराई विद्यालयमा आइपुग्छन् । सर आज ढुङ्गा खसेन नी भनेर खुसी हुन्छन्", उनले भने, "वर्षाको बेलामा ल्याउने र पुर्याउने गर्नुपर्छ । पहिरो कटाउन सकिएन भने यतै व्यवस्थापन गर्नुपर्छ । ठूलै झरी परे विद्यार्थी आउने सम्भावना नै हुँदैन ।" ज्यान जोखिममा राखेर नानीबाबुहरू आउँछन् । मानसिकरूपमा नै थाकेर स्कुल आइपुगेका कलिलो दिमागले कति ज्ञान लिन सक्लान् र खै ? सुवेदीले दु:खेसो पोखे । "यो त दोस्रो घ्याप्चेभन्दा पनि फरक पर्दैन । त्यहाँ जस्तै यहाँ पनि पहिरोले साह्रो कष्टकर दैनिकी बनाएको छ", उनले भने । मन्थली नगरपालिका र लिखु तामाकोसी गाँउपालिकाको सिमानामा पर्ने ध्याप्चे पहिरोका कारण सालुको गैराथोक कठजोरको अर्चलेका धेरै स्थानीय विस्थापित भइसकेका छन् । सदरमुकाम मन्थली र आसपाका धेरै खेतीयोग्य जमिनलाई नस्ट पारेको घ्याप्चेको पहिरोलाई जिल्लाको ठूलो पहिराका रुपमा लिइन्छ । सानो पानी परे पनि पहिरो खस्ने र हिउँदमा सुख्खा पहिरो खसेर बाटो माथिबाट ढुङ्गा झर्ने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालकुमार सुनुवारले बताए । "पानी परयो कि पहिरो झरिहाल्छ । पहिरो कतिबेला आएर के गर्ने हो पत्तो हुँदैन । अर्कोबाटो भएर घुमेर आउ नानीबाबु भन्न पनि कतै बाटो छैन", उनले भने, "पहिरो झरेको फेदीमा झेलुङ्गे पुलको योजना पर्यो भन्ने सुनिन्छ तर पुल तरेर आउँदा र जाँदा बालबालिकालाई निकै उकालो ओरालो हिँड्नुपर्छ ।" भुजीको पहिरो रोकिनेभन्दा पनि जोखिम बढाउँदै गइरहेको छ । विसं २०७२ को भूकम्पदेखि सुरु भएको उक्त पहिरो त्यस वर्षको वर्षातको समयदेखि बढ्दै गएको स्थानीय भीमबहादुर नेवारले बताए । "निरन्तर पहिरो झर्ने भएकाले जोखिम बढ्दै गएको छ । विद्यालय जाने र आउने बालबालिकालाई निकै समस्या छ", उनले भने, "जोखिमका कारण वर्षाद्को समयमा बालबालिकालाई वडाको व्यवस्थापनमा वडा कार्यालयमा राखेर पढउने गरिन्छ ।" ***-रासस***

# इतिहास पठनपाठन : हिजो र आज

**प्रा.डा. विष्णु सापकोटा**

> *विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा शुरुका बर्षहरुमा शोधपत्र लेखन कार्य थिएन । शोधपत्रलाई ऐच्छिक विषयमा राखिएको थियो । तर पछि गएर शोधपत्र लेखन कार्य अनिवार्य गरियो । पाठ्यक्रममा पनि नेपाली इतिहास विषयलाई विभिन्न भागमा विभाजन गरी आर्थिक इतिहास, सामाजिक एवं प्रशासनिक इतिहास, राजनैनितक इतिहास, धार्मिक र सांस्कृतिक इतिहास, कुटनैतिक इतिहास, हिमाली राज्यको इतिहास, इतिहास लेखन, रिसर्च मेथोलोजी, दक्षिण एशियाई देशको इतिहास, यूरोपको इतिहास, आधुनिक भारतको इतिहास, प्रशासनिक सामाजिक इतिहास लगायतका विषयको अध्ययन आरम्भ गरियो । प्रारम्भमा इतिहास विभागमा स्नातकोत्तर तहमात्र पूरा गरेकाहरुबाट प्राध्यापन प्रारम्भ भएको हो ।*

इतिहास केन्द्रीय विभागको इतिहास त्रिभुवन विश्वविद्यालयको स्थापन सँगै जोडिएको छ । वि.सं. २०१६ सालमा पटना विश्वविद्यालयद्वारा सम्बन्धन लिई स्व. राजा त्रिभुवनको जन्म जयन्तिको अवसर पारेर त्रिभुवन विश्वविद्यालय ऐनद्वारा त्रिपुरेश्वरमा स्थापित यस विश्वविद्यालयले आरम्भका दिनमा नै इतिहास विषयको स्नातकोत्तर तहको अध्ययन शुरु गरिएको थियो । स्थापनाकालदेखि अहिलेसम्ममा इतिहास विभागले प्राध्यापन, जर्नल प्रकाशन, गोष्ठी, सेमिनार, अध्ययन अनुसन्धान तथा अन्य विभिन्न माध्यमले इतिहास विषयको प्राज्ञिक उन्नयनमा महत्वपूर्ण भूमिका खेलेको सर्वविदितै छ । वास्तवमा इतिहास विषय भनेकै विगत र वर्तमानको घटनाको सत्यतथ्य अनुसन्धानका विभिन्न माध्यमहरु प्रयोग गरी गरिने लेखाजोखा समेत हो भन्दा फरक पर्दैन । सत्यतथ्य प्रणामका आधारमा राष्ट्रको जीवन्त इतिहास तयार पार्नमा इतिहास विषयको महत्वपूर्ण स्थान रहेको छ ।

प्रारम्भमा दिनमा विश्वविद्यालयका अन्य विषयको दाँजोमा इतिहासको विषयबस्तु समिति थियो । अध्ययन गर्ने विद्यार्थीको संख्या पनि न्यून थियो । खास गरी राज्यमा सबै तहका विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थी नै कम थिए । तर समयको क्रम संगै इतिहास विषयको अध्ययन अध्यापनमा अनुसन्धान गर्ने र स्थलगत भ्रमण गर्ने कुरालाई समावेश गरेर विद्यार्थीहरुले पढ्ने पाठ्यक्रममा परिमार्जन गर्दै जानु पर्ने आवश्यकता देखिँदै गयो । विश्वविद्यालयले पनि वि.सं. २०३० सालदेखि सेमेष्टर प्रणाली लागु गरी सो प्रण्णली २०३६ सालसम्म चलायो । सोही अवधिमा यस विषयको पाठ्यक्रमलाई पनि परिमार्जन गर्न थालियो । विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा शुरुका बर्षहरुमा शोधपत्र लेखन कार्य थिएन । शोधपत्रलाई ऐच्छिक विषयमा राखिएको थियो । तर पछि गएर शोधपत्र लेखन कार्य अनिवार्य गरियो ।

पाठ्यक्रममा पनि नेपाली इतिहास विषयलाई विभिन्न भागमा विभाजन गरी आर्थिक इतिहास, सामीजक एवं प्रशासनिक इतिहास, राजनैनितक इतिहास, धार्मिक र सांस्कृतिक इतिहास, कुटनैतिक इतिहास, हिमाली राज्यको इतिहास, इतिहास लेखन, रिसर्च मेथोलोजी, दक्षिण एशियाई देशको इतिहास, यूरोपको इतिहास, आधुनिक भारतको इतिहास, प्रशासनिक सामाजिक इतिहास लगायतका विषयको अध्ययन आरम्भ गरियो । प्रारम्भमा इतिहास विभागमा स्नातकोत्तर तहमात्र पूरा गरेकाहरुवाट प्राध्यापन प्रारम्भ भएको हो । पछाडिको दशकमा गएर इतिहास विभागको प्रयास र स्वयं प्राध्यापकहरुले नै नेपालको इतिहासका विविध विषयमा विद्यावारिधि गर्न थाले । जुनवेला नेपालबाट विद्यावारिधि गर्ने व्यवस्था नभएकोले शुरुको अवस्थामा भारतको विभिन्न विश्वविद्यालयवाट विभिन्न विषयमा प्राध्यापकहरुले विद्यावारिधिको उपाधि हासिल गर्नुभयो । त्रि.वि. इतिहास विभागमा आरम्भका दिनमा रामचन्द्रबहादुर सिंह (उपकुलपति), तुलसीराम बैद्य, त्रिरत्न मानन्धर, कृष्णकान्त अधिकारी, कृष्णबहादुर थापा, प्रेमरमण उप्रेती, राजाराम सुवेदी, निरन्जन शर्मा, तीर्थप्रसाद मिश्र, विजय मानन्धर, शंकर थापा, घनश्याम भट्टराई, राजकुमार पोखरेल जस्ता प्राध्यापकहरुले आ-आफ्नो विषयमा दक्षता हाँसिल गरी ती विषयमा थुप्रै अनुसन्धानमुलक पुस्तक प्रकाशन गरिसक्नु भएको छ । उहाँहरुका ती अनुसन्धानमुलक पुस्तक देशको इतिहास लेखनमा महत्वपूर्ण दस्तावेजका रुपमा रहेका छन् । वि.सं. २०४८ सालबाट इतिहास अध्ययन गर्ने विद्यार्थीहरु र अध्यापन गराउने प्राध्यापकहरुको संख्या पनि बढ्दै गएको थियो । इतिहास विषयको अध्ययनलाई अनुसन्धानमुखी, विश्लेषणयुक्त विषयको रुपमा अध्ययन गर्न थालियो । इतिहास विषयमा अध्ययन गर्ने विद्यार्थीको संख्या वि.सं. २०४८ पश्चात वि.सं. २०५२ मा ५७ जना थिए भने वि.सं. २०६७ र वि.सं. २०६८ मा ६० जना पुगेको थियो । हालका बर्ष २०७९/०८० मा विद्यार्थी संख्या स्नातककोत्तर तह र दर्शनाचार्यमा गरी ५२ जना विद्यार्थी अध्ययनरत छन् । इतिहास विभागका प्राध्यापकहरुले क्षेत्रीय इतिहास लेखन, जातजाति, चाडपर्व, प्रशासनिक, कुटनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक इतिहास, यूरोप तथा फ्रान्स र दक्षिण एशिया र वैदेशिक सम्बन्ध तथा स्थानीय तहको इतिहास लेख्नु भएको छ । नेपालको विभिन्न राजनीतिक पार्टीहरु, नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस, माओवादी केन्द्र लगायत अन्य राजनीतिक पार्टीहरुको इतिहास र राजनीतिक आन्दोलनहरुको इतिहास लेख्नु भएको छ । विभिन्न जातजाति, क्षेत्रीय इतिहास तथा स्थानीय पहिचानसम्बन्धी विषयहरुमा इतिहास विभागका प्राध्यापकहरुले कलम चलाउनु भएको छ ।

इतिहास विभागबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अनुसन्धानात्मक लेख लेख्ने तथा अर्न्तराष्ट्रिय क्षेत्रमा इतिहासलाई चिनाउने काम विभागका प्राध्यापकहरुबाट भएको छ । विभागका प्राध्यापकहरुले हालसम्म पनि कुटनैतिक र ट्रान्सहिमालय, भोट, चीन, तिब्बत, सिक्किम, भारत, भुटान तथा दक्षिण एशियाका राष्ट्रको इतिहास लेखन तथा दक्षिण एशियामा नेपालको इतिहसको पहिचान बढाउने काम भएको छ । इतिहास विभागको आफ्ना पहलले वेलावेलामा राष्ट्रको महत्वपूर्ण समयमा उठने सीमा विवाद, धार्मिक, साँस्कृतिक विवाद एवं अनुसन्धानका विभिन्न फाँटमा निरन्तर काम भइरहेको छ । अत: बेलाबेलामा इतिहास विषयको र विभागको बारेमा पूर्ण जानकारी नलिई पत्रपत्रिकामा भेटेका खबर र बजारी हल्लाका आधारमा इतिहास पढ्ने विद्यार्थी संख्या कम भएको र नेतृत्वकर्ता योग्य नभएको भन्ने भ्रामक समाचार सम्प्रेशण गर्ने मित्रहरुले एक पटक त्रि.वि. इतिहास विभागमा आएर बुझेरमात्र लेख्ने या बोल्ने गरिदिए राम्रो हुने थियो । पाठकलाई दिग्भ्रमित गर्ने काम जो मित्रबाट भयो त्यसलाई विभागले गम्भिरतापूर्वक लिएको छ । सत्यतथ्य बुझ्ने निकायहरु हुँदाहुँदै सरोकारवालासँग सम्पर्क नै नगरी लेखेको समाचारले गलत सन्देश दिने भएकोले यसतर्फ पनि मिडियाकर्मीहरुले ध्यानदिन जरुरी भइसकेको छ । देशको हावापानी सुहाउँदो राष्ट्रले पहिचान बोकेको इतिहासलाई इतिहास विभाग जीवन्त राख्न चाहन्छ । साथै इतिहास विभागले आफ्ना विभागबाट दिक्षीत विद्यार्थीलाई राष्ट्रिय जीवनको महत्वपूर्ण र सफलताका साथ काम गर्न अभिप्रेरित गरिरहेको छ । इतिहासको मर्यादित खोज गर्न, वैज्ञानिक अध्ययन एवं अनुसन्धानमुखी काम गर्न तथा प्राज्ञिक उन्नयन गर्न समयसापेक्ष तथा २१ औं शताव्दीको इतिहास बनाउन इतिहास विभाग आफैं लागि परेको छ ।

हालै आएर विभागमा गठन भएका अनुसनधान समिति, पाठ्यक्रम निर्माण समितिले इतिहासका महत्वपूर्ण दस्तावेजको खोजी गरिरहेको छ । विद्यार्थीहरुमा विभिन्न ऐतिहासिक एवं पर्यटकीय स्थल तथा पर्यटन विषयको जानकारी गराउन पाठ्यक्रममा समेत समावेश गरी समय समयमा गोष्ठी र सेमिनारहरु, केन्द्रीय स्तर, जिल्ला र स्थानीय तहमा गर्दै आएको छ । हालको परिमार्जित पाठ्यक्रम प्रसिद्ध विश्वविद्यालय र अमेरिका तथा बेलायतका विश्व विद्यालयका पाठ्यक्रमसंग मिल्दोजुल्दो र हालसम्मका सबै क्षेत्रका विषयबस्तु समावेश गरी तयार पारिँदैछ । सेमेष्टर तहमा दर्शनाचार्य तथा विद्यावारिधि एवं स्नातकोत्तर तहमा अनुसन्धानमुखी पाठ्यक्रम निर्माण भई त्यही आधारमा अनुसन्धानमूलक जर्नल (भ्वाइस अफ हिस्ट्री) एवं व्यवस्थित पुस्तकालय र हरेक विषयमा अंग्रेजी माध्यमबाट अध्यापन गरी इतिहास विषयको पढाईलाई विश्वसामु परिचित गराउन खोजिएको छ । इतिहास विषयको अध्ययनले मानिसलाई विगतको विश्व जगतको अवस्था बुझि बर्तमानमा जीवन निर्वाहदेखि राज्यसंचालनका प्रक्रियाहरुसम्ममा आफ्नो धारणा बनाउन र बनाएको धारणाका आधारमा चल्न अभिप्रणा दिन्छ । राष्ट्रिय पहिचानका सवालहरु बुझ्न, त्यसलाई सत्यतथ्यको आधारमा प्रचार प्रसार गरेर विश्वमा नेपाली राष्ट्रिय पहिचान बढाउन समेत इतिहासको महत्वपूर्ण भूमिका हुने भएकाले सरकारी तथा गैरसरकारी सबै निकायहरुलाई नेपालको राष्ट्रिय इतिहास लेखन र प्रवर्धनका लागि अध्ययन, अनुसन्धान गर्न होस्टेमा हैंसे गरेर इतिहास विभागसँग हातेमालो गरेर अघि बढ्न हार्दिक अनुरोध गर्दछौं ।

***-डिसी नेपाल डटकम***

# लव जोशीको शीत काव्य लोकार्पण, साहित्यकार सम्मानित



**पाल्पा,** मंसिर ३/पाल्पा साहित्य समाजले साहित्यकार लव जोशीद्वारा लिखित शितकाव्य कृति लोकार्पणसँगै साहित्यकार, समाजसेवीहरुलाई पुरस्कृत तथा सम्मान गरेको छ । समाजले २९ औ वार्षिक दिवस, पाल्पाका आदिकवि छविलाल नेपालको १७४ औं जन्मजयन्ती, कवि माधव प्रसाद देवकोटाको १२१ औं जन्मजयन्तीका अवसरमा आइतबार तानसेनमा कृति लोकापर्णसँगै सम्मान र पुरस्कृत गरेको हो ।

कार्यक्रममा पाल्पा साहित्य समाजद्वारा स्थापित पाल्पाली आदिकवि छविलाल नेपाल प्रतिभा पुरस्कारबाट वरिष्ठ साहित्यकार लव जोशी, साहित्यकार पुष्कर अथक रेग्मी परिवारद्वारा स्थापित अथक साहित्यक पुरस्कारबाट साहित्यकार ज्ञानकाजी शाक्य, साहित्यकार राजेन्द्रगोपाल सिंह परिवारबाट स्थापित भैरव तुलसी सिंह साहित्य पुरस्कार संस्कृतिकर्मी मदनलाल देउराली (श्रेष्ठ) र समाजसेवी स्व. राधा भारतीद्वारा स्थापित राधाइन्द्र समाज सम्मानबाट समाजसेवी शुसिला श्रेष्ठलाई सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ । सम्मानितहरु व्यक्तिहरुलाई प्रमुख अतिथि तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, समाजका संरक्षक राजेन्द्रगोपाल सिंह, समाजका अध्यक्ष पुष्कर अथक रेग्मीले फूलमाला अविर, दोषल्ला, नगद सहित सम्मानपत्रबाट सम्मान गरेका हुन् । नगर प्रमुख श्रेष्ठले समाजले पाल्पाको साहित्यलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका खेलेको बताए ।

सम्मानित व्यक्तिहरु लव जोशी, ज्ञानकाजी शाक्य, शुसिला श्रेष्ठ, माधव दमयन्ती साहित्य प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद कोइराला लगायतले साहित्य तथा समाजसेवामा पुर्‍याएको योगदान बारे चर्चा गरेका थिए । लुम्बिनी बाङ्मय प्रतिष्ठान नेपालद्वारा प्रकाशित शित काव्य लेखक जोशीले जन्मभुमि तानसेन पाल्पालाई समर्पण गरी कृति प्रकाशित गरेका हुन । ३६ वटा शिर्षकहरु रहेको शीत काव्य २ सय ३५ पेजको रहेको छ । शीत काव्य नेपाली कला संस्कृति भेष भुषा, चाडपर्व, राजनीतिक अवस्था र विकृति तथा जननी जन्मभुमिप्रति केन्द्रित रहेको छ । शीत काव्यमा रहेका काव्यहरु एकातर्फ नेपाली र अर्कोतर्फ अंग्रेजी भाषामा रहेका छन् । काव्यको साहित्यकार चन्द्रकान्त न्यौपानेले समिक्षा गरेका थिए ।

कार्यक्रममा समाजका अध्यक्ष रेग्मीले पुरस्कृत तथा सम्मानित व्यक्तिहरुको परिचय तथा समाजिक अवस्थाको बारेमा चर्चा गरेका थिए । समाजका सल्लाहकार चित्रवलीराम सुवालले पाल्पाली आदिकवि छविलाल नेपाल र कवि माधवप्रसाद देवकोटाको योगदानको बारेमा चर्चा गरेका थिए । समाजकी सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# जनताको भावना र आवश्यकता...

...कार्यक्रममा प्रतिनिधीसभा सदस्य नारायणप्रसाद आचार्यले सबै तह र तप्काका जनप्रतिनिधीहरुले आ-आफ्नो क्षेत्रबाट जनताको मन जित्ने गरी काम गर्नुपर्नेमा जोड दिए । उनले भने 'जनताको घर-घरमा जनप्रतिनिधीहरु पुगौं, यती काम गरे एमाले पार्टी सधैं भरी अग्रस्थानमा रहिरहने छ ।' पार्टीले टिकट दिएर नै आज जनप्रतिनिधी भएका हौं, जनताको सेवक भएका हौं, जनताबाट अनुमोदित भएका हौं,त्यसैले पार्टीको नीति नियम सिद्धान्तमा विचलन आउने गरी कुनै पनि जनप्रतिनिधीहरुले काम गर्न नहुने प्रतिनिधीसभा सदस्य आचार्यले बताए ।


कार्यक्रममा प्रदेश सांसद खेमबहादुर सारु, राजुप्रसाद श्रेष्ठ र इन्द्रा गहतराजले लुम्बिनी प्रदेश सरकारबाट माग भएका प्रतिपक्ष सासंदका योजना भन्दा मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आफुखुसी अरबौं बजेट राखेर दुरुपयोग गरेको बताएका छन् । एमाले सरकारबाट शुरु गरिएका बहुवर्षिय योजनाहरु समेत कटौती गरी विकास विरोधी काम गर्दा पार्टीले सक्रिय भुमिका प्रवाह नगरेकाले प्रदेश सांसदहरु निरिह बन्नु परेको तीनै जना प्रदेश सांसदले गुनासो गरे । कार्यक्रममा नेकपा एमालेकी उप-सचिव सुनिता शर्माले प्रतिनिधीसभा र प्रदेशसभासँग नबाँझिने गरी ऐन नियम बनाएर जनताको भावना अनुसार काम गर्ने अधिकार स्थानीय सरकारलाई दिएकाले अधिकांश समस्याहरु पालिकाबाट सम्बोधन गर्न सकिनेमा जोड दिइन् । पार्टीका जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरेले स्थानीय सरकारलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि एमालेबाट उम्मेदवार भई निर्वाचित जनप्रनिधीहरुलाई शुशासन कायम हुने गरी काम गर्न अनुरोध गरेका छन् । जनताको कामलाई पहिलो प्राथमिकता दिएर, शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन, गरिबी निवारण, उत्पादनमुखी कार्यक्रम, आयआर्जनमुखी कार्यक्रमहरु समेटेर, पार्टीका घोषणपत्रलाई आत्मसात गरी काम गर्न पनि उनले अनुरोध गरे । जनप्रतिनिधीहरुले आ-आफ्नो पदिय दायित्व अनुसार गरेका कार्यप्रगति विवरण पेश गर्न समेत अध्यक्ष घिमिरेले निर्देशन दिएका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, रम्भा गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारी, बगनासकाली गाउँपालिकाका उपाध्यक्ष हरिप्रसाद पाठक, तानसेन नगरपालिका-९ का वडा अध्यक्ष राजेशकुमार अर्याल लगायतले पदिय जिम्मेवारी अनुसारको प्रतिवेदन पेश गर्दै पालिका पिच्छे समस्याहरु फरक-फरक रहेकाले पार्टीको समयन्वय र सम्पर्कमा रहेर काम गर्दै आएको बताए । अन्य पालिकाको तुलनामा एमालेको नेतृत्वमा सञ्चालन भएका पालिकाहरुमा जनताको जीवनस्तरमा परिवर्तन ल्याउने गरी काम भएको भए पनि प्रचार-प्रसारमा कमी भएको उनीहरुले बताए ।

एमाले लुम्बिनी प्रदेश सदस्य दलबहादुर गुरुङ्ग, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, वडा अध्यक्षहरु नविन्द्र थापा सोती, विष्णु रेग्मी, दानबहादुर कुवँर, सोमनाथ अर्याल, पर्यटन व्यवसायी धनिश्वर बस्याल, पूर्वखोला गाउँ कमिटी अध्यक्ष जीवन आचार्य, लगायतले स्थानीयतहमा काम गर्दा आइपरेका समस्याहरुको बारेमा पार्टीका नेतृत्वकर्ता तथा प्रदेश, संघीय सांसदहरुलाई जानकारी राखेका थिए । कार्यक्रममा ४१ वडाका वडा अध्यक्ष, ६ वटा पालिका प्रमुख, ५ वटा पालिका उपप्रमुख, ३ जना प्रदेशसभा सदस्य, २ जना प्रतिनिधीसभा सदस्य, १० वटै पालिका कमिटीका अध्यक्ष, जिल्ला कमिटीका सचिवालय सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रम पार्टी अध्यक्ष धनेन्द्रराज घिमिरेको अध्यक्षता, उपाध्यक्ष देविलाल लामिछानेको स्वागत, सचिव रामजी पोखरेलको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# महिला टी-२० सिरिजमा नेपाल तेस्रो



**काठमाडौं,** मंसिर ३/चार देश सम्मिलित महिला टि-२० सिरिजमा नेपालले तेस्रो स्थान हासिल गरेको छ । आइतबार भएको खेलमा नेपाल जापानलाई ४५ रनले हराउँदै तेस्रो भएको हो ।

हङकङमा जारी प्रतियोगितामा नेपालले टस जितेर पहिला ब्याटिङ गर्दै पाँच विकेटको क्षतिमा एक सय १५ रन बनाएको थियो । नेपालका लागि पूजा महतोले ४३, रोमा थापाले २२, रुविना क्षेत्रीले २१ तथा कप्तान इन्दू बर्माले १२ रन बनाइन् । जापानकी ओपनर अकारी निशीमुराले २९ रन बनाइन् । हिनासी गोटोले १६ रन बनाइन् । नेपालका संगीता राई, सीता रानामगर, इन्दु बर्मा, खुशी डङ्गोल र सोनी पाखिनले समान एक विकेट लिए । त्यसअघि हङकङ क्रिकेट क्लब मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय १५ रन बनाएको थियो । बलिङतर्फ जापानकी अहिल्या चण्डेल, एरिका टोगुची क्युइनले एक एक विकेट लिइन् । एक सय १६ रनको विजयी लक्ष्य पछ्याएको जापानले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ७० रन बनायो । जापानका लागि अकरी निशीमुराले २९, हिनासे गोटोले १६ र अहिल्या चण्डेलले ११ रन बनाइन् । महिला टि-२० सिरिजमा आयोजक हङकङसँगै नेपाल, तान्जानिया र जापान सहभागी भएका थिए । यसअघि तान्जानियासँग २७ रन र हङकङसँग ९ विकेटले पराजित भएको नेपालले जापानलाई ६७ रनले हराएको थियो । त्यही जापानलाई हराउँदै नेपाल शृङ्खलाको तेस्रो भएको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# हिमालयन रिको आईपीओ आजदेखि




**काठमाडौं,** मंसिर ३/हिमालयन रिइन्स्योरेन्स कम्पनीको आईपीओमा आज मंसिर ४ देखि आवेदन दिन पाइने भएको छ । कात्तिक २१ गतेदेखि आवेदन खुला हुने भनिएको आईपीओ मंसिर ४ गतेसम्मका लागि धकेलिएको थियो ।

वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि आवेदन खुला हुने भनिएकामा कम्पनीले तिहार बिदा परेको कारण देखाइ आवेदन अवधि पछि सारेको थियो । हिमालयन रिले आृनो जारी पुँजी १० अर्ब रुपैयाँको ३० प्रतिशतले हुन आउने ३ अर्ब रुपैयाँ बराबरको ३ करोड कित्ता आईपीओ निष्कासन गर्दैछ । जसमध्ये १० प्रतिशत अर्थात् ३० लाख कित्ता वैदेशिक रोजगारीमा जानेका लागि सुरक्षित गरिएको छ । पहिलो चरण अब मंसिर ४ गतेदेखि वैदेशिक रोजगारीमा जानेले आईपीओ भर्न पाउनेछन् । हिमालयन रिको आईपीको प्रतिकित्ता १ सय अंकित मूल्यमा १ सय ६ रुपैयाँ प्रिमियम थप गरेर २ सय ६ रुपैयाँ दरमा निष्काशन हुँदैन । कम्पनीको आईपीओमा १० देखि अधिकतम ३ लाख कित्ताका लागि आवेदन दिन सकिन्छ । रेटिङ एजेन्सी इक्रा नेपालले हिमालयन रिको आईपीओलाई इक्राएनपी इस्यूअर रेटिङ ए प्रदान गरेको छ । यो रेटिङअनुसार कम्पनीको दायित्व बहन गर्ने क्षमता पर्याप्त मात्रामा सुरक्षित रहेको जनाउँछ । हिमालयन रिको आईपीओ निष्कासन तथा बिक्री प्रबन्धक एनएमबी क्यापिटल हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई